नेपाली राजदूतावास
Embassy of Nepal
Bangkok, Thailand

# प्रेस विज्ञप्ति

## थाइल्याण्डको Central World मा नेपाल भ्रमण वर्ष २०२० को भिडियो प्रदर्शनी

यस राजदूतावासले थाइल्याण्डको प्रतिष्ठित कम्पनी Central Group को एक सदस्य Property Development & Investment CPN को सहयोगमा मनोरन्जनात्मक तथा पारिवारिक जमघट हुने प्रख्यात ब्यापारिक मल Central World को बैंकक लगायत सात वटा शाखाको १५ वटा स्क्रिनहरुमा जनवरी ७, २०२० देखि दुई महिनाका लागि नेपाल भ्रमण वर्ष २०२० को प्रवर्धनात्मक भिडियो प्रदर्शनी गरिरहेको छ। बैंककस्थित Central World भित्र ४ वटा स्क्रिनमा र बाहिरको एक ठूलो स्क्रिनमा तथा यस Group अन्तर्गत फुकेट, पताया, च्याङ्गमाई र च्याङ्गराई शहरमा रहेका मलहरु पनि भिडियो प्रदर्शनी भइरहेको छ। उक्त मलहरुमा दैनिक हजारौ मानिसहरुको आवत जावत हुने गर्दछ।

Central World मा भइरहेको भिडियो प्रदर्शनीबाट थाइ जनतामाझ नेपाल भ्रमण वर्ष २०२० को प्रचारप्रसार हुनुका साथै संभावित थाई पर्यटकहरुलाई नेपाल भ्रमणका लागि आकर्षित गर्न सघाउ पुग्ने देखिएको छ।

नेपाली राजदूतावास
बैङ्कक ।
२०७६/१०/२१

नेपाली राजदूतावास
बैंकक

4/1, Soi 27, Pridi Banomyong, Sukhumvit 71 Road, Klong ton,Watthana, Bangkok 10110
Tel: +66 2 391 7240, 02 390 2280, Fax: +66 2 381 2406
Email: eonbangkok@mofa.gov.np; nepbkk@gmail.com
Website: nepalembassybangkok.com